# शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा यार्सागुम्बा व्यवस्थापन बारे संक्षिप्त जानकारी




लेखन तथा सम्पादन

रामदेव चौधरी, प्रमुख संरक्षण अधिकृत

प्रकाश उप्रेती, सहायक संरक्षण अधिकृत


WWF Nepal


शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय

सुलिगाड, डोल्पा

२०४०

सम्पर्क नं.: ०८७५५०१०४

## परिचय




यार्सागुम्बा नेपालको हिमाली भेगमा प्राकृतिक रुपमा उत्पादन हुने बहुआयामिक जडिबुट्टी हो। हालसम्म संसारको २७ वटा मुलुकहरुमा करिब ४०० भन्दा बढी प्रजातिका यार्सागुम्बा पाइएको अभिलेख छ। जसमध्ये नेपालमा ११ प्रजातिका यार्सागुम्बाहरु पाइन्छन्। यसको केही भाग जमिन माथि र केही भाग जमिन मुनि र हन्छ। जमिन माथिको भागलाई स्ट्रोमा र मुनिको भागलाई लार्भा भनिन्छ। वास्तवमा यी दुबै भागको संयुक्त स्वरुप नै यार्सागुम्बा हो।

यार्सागुम्बा एक किसिमको ढुसी हो। सबै प्रजातिका ढुसीहरु परजीवि हुन्छन् र खान योग्य हुँदैनन्। तर यार्सागुम्बा सर्वगुण सम्पन्न मानव उपयोगी ढुसी हो। यसको सम्पूर्ण भागलाई सबै उमेर समूहका व्यक्तिले चुर्न, धुलो, क्याप्सुल वा पेष्टको रुपमा सेवन गरेको पाइन्छ। यार्सागुम्बा सेवनबाट हालसम्म कुनै साइड इफेक्ट पाइएको छैंन।

यार्सागुम्बालाई विभिन्न भाषामा विभिन्न नामबाट चिनिन्छ। अंग्रेजीमा क्याटरपिलर फंगस, वैज्ञानिक भाषामा कर्डिसेप्स् साइनेन्सिस्, नेपाली भाषामा यार्सागुम्बा र स्थानीय भाषामा कीराजडि, कीराझार वा जीवनबुट्टी भनिन्छ।

परिपक्व यार्सागुम्बा खैरो रंगको हुन्छ। यसको टुप्पोमा रहेको बिज थैलीमा बीजाणुहरु हुन्छन्। यार्सागुम्बाको लम्बाइ प्रायः १० देखि १५ से.मि.को हुन्छ। कुनै-कुनैको लम्बाइ ८ देखि १२ से.मि. हुन्छ। यसको मोटाइ ५ से.मि. सम्म हुन्छ। डोल्पा जिल्लाका स्थानीय व्यापारीहरुको भनाइ अनुसार एक किलोमा २,२०० देखि ३,३०० वटा यार्सागुम्बा हुन्छन्।

## जीवन-चक्र

यार्सागुम्बाको जीवन-चक्र २ देखि ५ बर्षसम्म हुन्छ। हिउँदमा लार्भा जमिन मुनि शुसुप्त अवस्थामा रहन्छ र वर्षा सिजन शुरु भएपछि शुसुप्त लार्भामा बीजाणु देखापर्न थाल्छ। जीवित लार्भाको अवस्थामा यो बिरुवा चलायमान देखिन्छ। उम्रिएका बीजाणुहरुको बृद्धिसँगै लार्भा स्थिर हुन्छ। हिमालयन ब्याट मथ जातको पोथी पुतलीले जेष्ठ/आषाढ महिनामा फुल पारे पछि मर्दछन्। पछि त्यै फुलबाट सेता लार्भाहरु निस्कन्छन् र माटोमा दुलो भित्र बसेर बोटविरुवाको जरा खाएर बाँच्छन्। यसै क्रममा लार्भाहरुमा बीजाणु देखापर्न थाल्छ र अन्तमा यी दुबैको विकसित रुपमा यार्सागुम्बा बन्दछ।




## बासस्थान र बितरण

नेपालमा समुन्द्र सतहबाट ३,९०० देखि ५,२०० मिटरमा अवस्थित घाँसे मैदान/पाटनहरुमा पूर्व देखि पश्चिमका हिमाली क्षेत्रहरुमा पाइन्छ। यार्सागुम्बा उम्रन र बढ्नको लागि ओसिलो खालको सरदर पानीको मात्रा २७ देखि ३२ प्रतिशत भएको र प्रशस्त जैविकमल भएको माटो उपयुक्त हुन्छ। विशेष गरी ३५ देखि ७५ डिग्री भिरालोपन भएको दक्षिण-पश्चिम तथा उत्तर-पश्चिम मोहडामा हुने घाँसेमैदान तथा खर्क लगायतका स्थानहरुमा पाइन्छन्। पूर्वी-दक्षिणी सुख्खा मोहडामा त्यति पाइदैन। सुनपाती यार्सागुम्बा पाइने क्षेत्रको द्योतक हो।

## उपयोगिता

यार्सागुम्बा यौनशक्तिवर्धक औषधिको रुपमा प्रयोग गरिन्छ। कलेजो, फोक्सो तथा मृगौलाको रोगको उपचारमा समेत यसको उपयोग हुन्छ। बढी फाइदाको लागि यसलाई पाँचऔले, मह र दुधसंग सेवन गर्न सकिन्छ। यसको अतिरिक्त चाइनिज डाक्टर क्युन्टीन चेनका अनुसार यार्सागुम्बाका निम्न फाइदाहरु छन्।

(क) रोग प्रतिरोधात्मक शक्ति बृद्धि गर्दछ।

(ख) चाँडै बुढोपन हुन दिंदैन।

(ग) अर्बुद रोग लाग्न दिंदैन।

(घ) मुटु, फोक्सो र श्वासप्रश्वास प्रणाली मजबुत पार्दछ।

(ङ) मृगौलालाई पोषण प्रदान गर्दछ।

(च) रगतमा चिनी र कोलेस्टेरलको मात्रालाई नियन्त्रित गर्दछ।

(छ) शरीरमा रातो रक्तकोष निर्माण हुन मद्धत गर्दछ।

(ज) अनावश्यक रुपमा शरीरमा रगत जम्ने प्रक्रिया रोक्छ।

## निकुञ्जमा यार्सागुम्बा पाइने मुख्य-मुख्य पाटनहरु

निकुञ्जमा साना ठूला गरी धेरै पाटनहरु छन्। ती सबै पाट यार्सागुम्बा पाइन्छन्। संकलनकर्ताहरुको संख्या र पाटनको क्षेत्र आधारमा कुगाउँ, शे, मेदोक्ती, धैलुङ, पेरिकपुवा, सागर, छुताङ, कुनासा, जगदुल्ला, कागमारा, टाङटुङे, भुक्पा, भाङ्का, ग्याल्बारा, सिसौल, लुलाङ र कलाङ मुख्य-मुख्य पाटनको समूहमा पर्दछन्। पैराखर्क, गुम, खम्सीला, चिमाला, मुगु रोमान, चुहुने ओढार, क्याक्त मालुवाचौर, सागबारी, माटे, चौरीरमन, ताक्तारा, चाटेबगर, छ बुकोदह, पाहाडा रमन, तलोदुना, माथिल्लो दुना, पटौटी, टोटे ओढार (सुम्से), बाहुलीगाड, नाउरे, पुदुवाचौर, छोइके लेक दह, बासुद दानीगाड, नाउरे र ताक्सी सानो पाटनको समूहमा पर्दछन्।

## यार्सागुम्बा संकलन गर्न वनमा प्रवेश गर्दा साथमा वार्य हुनु पर्ने सामानहरु

(क) सङ्कलन पूर्जी,

(ख) ३० दिनसम्म पुग्ने यथेष्ट खानेकुरा,

(ग) न्यानो हुने जुता, टोपी र अन्य लताकपडा,

(घ) आवश्यक प्राथमिक उपचारका औषधिहरु,

(ङ) फोन नम्बरः

(१) शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय, फो.नं. ०८७-५ (मो.नं. ९७४१३८१८८४)

(२) जिल्ला प्रशासन कार्यालय, दुनै, फो.नं. ०८७-५५०१३३ (मो.नं. ९८५८३०७७७७)

(३) जिल्ला वन कार्यालय, दुनै, फो.नं. ०८७-५५००५३ (मो.नं. ९८४२३४७६१२)

(४) जिल्ला प्रहरी कार्यालय, दुनै, फो. नं. ०८७-५५००५६ (मो.नं. ९८५८३०५५५५)

(५) कालीदत गुल्म, सुलिगाड, फो.नं. ०८७-५५००३४२३५ (मो.नं. ९७५८९०१२२१)

(६) मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति (मो.नं. ९७४८९१६८६

(च) टेन्ट र टेन्ट गाड्ने फलामे कीला

(छ) खाना पकाउन सकेसम्म ग्यास र मटितेल

## यार्सागुम्बा संकलन गर्न वनमा प्रवेश गर्दा साथमा लैजान नहुने सामानहरु

(क) चक्कु, छुरी, भाला, दर्जन, गुलेली वा यस्तै अन्य हातहतियार,
(ख) विस्फोटक पदार्थ, वीष, पासो वा यस्तै कुनै खरखाजाना,
(ग) कुकुर, खच्चर, घोडा वा यस्तै अन्य घरपालुवा पशुपंक्षी,
(घ) बियर, जाड, रक्सी वा यस्तै अन्य कुनै प्रकारका मादक पदार्थहरु,
(ङ) प्लाष्टिक र प्लाष्टिकजन्य सामाग्रीहरु,
(च) तास, कौडा, पासा वा पारा,
(छ) भलिबल, फुटबल, क्रिकेट जस्ता खेल सामाग्रीहरु,
(ज) लाउड स्पीकर, ड्रम सेट वा यस्तै अन्य कुनै प्रकारका बाद्यवाधन,
(झ) एक महिनाको लागि खाना र खाजालाई पुग्ने भन्दा बढी रकम (रुपैया),

## यार्सागुम्बा संकलन क्षेत्रमा गर्न नपाइने क्रियाकलापहरु

(क) वन्यजन्तु मार्न, घाइते गर्न, तर्साउन, दुःख दिन वा अन्य नकारात्मक कार्य गर्न गराउन,
(ख) बीष, विस्फोटक पदार्थ, पासो, धराप वा यस्तै कुनै खरखाजाना प्रयोग गर्न गराउन,
(ग) डढेलो लगाउन वा रुख बिरुवा काट्न, हटाउन वा मर्ने कुनै कार्य गर्न गराउन,
(घ) जहाँतही रात बिताउन, जथाभावी फोहर फाल्न वा फोहर गर्न गराउन,
(ङ) पूर्जीमा तोकिएको वन क्षेत्रबाहेक अन्य वन क्षेत्रमा जान,
(च) हुल हुज्जत गर्न गराउन वा दोहरी साझ जस्ता साङ्गीतिक गतिविधिहरु गर्न गराउन,
(छ) यार्सागुम्बा संकलनकर्तालि जथाभावि फोहर गर्न गराउन,
(ज) सुरक्षाकर्मी (नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल) को पोसाकसंग मेलखाने पोसाक लगाउन ।

## यार्सागुम्बा संकलन गर्न प्रति ब्यक्ति प्रति पूर्जी लाग्ने दस्तुर

१. निकुञ्जको मध्यवर्ती क्षेत्रका बासिन्दाहरुका लागि रु. ५००।-
२. डोल्पा र मुगु जिल्लाका बासिन्दाहरुको लागि रु.२,०००।-
३. अन्य जिल्लाका बासिन्दाहरुका लागि रु. ३,०००।-

## यार्सागुम्बा व्यवस्थापनका चुनौतीहरु

- संकलनकर्ताहरुमा यार्सागुम्बा संकलनको सही समय बारे ज्ञान नहुनु ।
- यार्सागुम्बाको केवल प्राकृतिक उत्पादनमा भर पर्नु ।
- अत्यधिक संख्यामा बालबालिका तथा बृद्धबृद्धाहरु यार्सागुम्बा संकलन गर्न निकुञ्जमा प्रवेश गर्नु ।
- हरेक वर्ष यार्सागुम्बा संकलनको कानूनी व्यवस्था हुनु ।
- यार्सागुम्बाको बार्षिक बृद्धि र मौज्दात अवगत हुन नसक्नु ।
- चौपायाको चरिचरनले पाटन क्षेत्रको हैसियत बिग्रँदै जानु ।
- पाटन क्षेत्रमा लाग्ने डढेलोबाट हिमालयन ब्याट मथ जातको पुतली नष्ट हुनु ।
- यार्सागुम्बा संकलनको लागि वैज्ञानिक विधिको पहिचान हुन नसक्नु ।
- नीतिगत रुपमा संकलन अवधि धेरै दिनको (३० दिन) हुनु ।
- यार्सागुम्बा सङ्कलन गर्न कुली (ज्यामि) लगाउने प्रथा बढ्नु ।
- बाटोघाटो तथा पाटन क्षेत्रमा प्लाष्टिक, टिन, बोतल जस्ता फोहरमैला हुनु ।
- यार्सागुम्बा बाहेक अन्य जडिबुटीको चोरीतस्करी हुनु ।
- टेन्ट गाड्ने कीलाको लागि बोट बिरुवाको बिनास हुनु ।
- इन्धनको रुपमा दाउराको अत्यधिक प्रयोगले वन बिनास हुनु ।
- यार्सागुम्बाको संकलन ज्याला निर्धारण हुन नसक्नु ।
- भूबनोट अनुसारको गस्ती तथा अनुगमन कार्यको लागि स्रोत साधनको अभाव हुनु ।

## यार्सागुम्बा व्यवस्थापनका उपायहरु

- यार्सागुम्बा संकलन समयको बारेमा नागरिक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- बाल श्रम विरुद्ध र बाल शैक्षिक अधिकार संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- कम्तिमा दुई वर्षको वर्षयान्तरमा यार्सागुम्बा संकलनको नीतिगत व्यवस्था हुनु पर्ने ।
- यार्सागुम्बाको चीनमा खेती गरे जस्तै कृत्रिम खेती गर्न सीप र प्रविधिको व्यवस्था गर्ने ।
- यार्सागुम्बाको बार्षिक बृद्धि र मौज्दात थाहा पाउन अनुसंधान कार्य सञ्चालन गर्ने ।
- चौपायाको प्रवेशमा रोक लगाउने वा सीमित संख्यामा प्रवेश अनुमति दिने ।
- वन डढेलोको नकारात्मक परिणाम बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- यार्सागुम्बा संकलनको लागि वैज्ञानिक विधिको पहिचान गरी लागू गर्ने ।
- नीतिगत रुपमा संकलन अवधि बढीमा १० दिनको हुनु पर्ने ।
- यार्सागुम्बा जस्तै अन्य जडिबुटीको संकलन गर्न नीति नियम बन्नु पर्ने ।
- टेन्ट गाड्न काठको कीलाको साटो फलामे कीलाको प्रयोग गर्ने व्यवस्था हुनु पर्ने ।
- दाउराको साटो मटितेल वा ५/५ लिटरको एल.पि.जि.ग्यास सिलिन्डरको प्रयोगको व्यवस्था हुनु पर्ने ।
- जिल्ला स्तरीय यार्सागुम्बाको न्यूनत्तम संकलन ज्याला निर्धारणको व्यवस्था हुनु पर्ने ।
- अस्थायी शौचालय र फोहर फाल्ने खाल्डो निर्माण गर्ने ।
- रोटी, सातु र मकै जस्ता खानेकुराहरु बढी मात्रामा प्रयोग गर्ने ।
- यार्सागुम्बा संकलन अगाडि र पछाडि गरी दुईपटक हवाइ गस्तीको व्यवस्था हुनु पर्ने ।

मुद्रण: हाईडल प्रेस प्रा.लि., फोन: ०१-४४३९८१२